आज मिति २०८१ पौष २६ गते शुक्रबारका दिन बिहान ११:०० बजे यस भोटेकोशी गाउँपालिकाका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा ज्यूको अध्यक्षता तथा तपसिलको उपस्थितिमा भोटेकोशी गाउँपालिकाको १५ औं हिउँदे गाउँ सभामा आ.ब. २०८१/०८२ को संशोधित बजेट तथा कार्यक्रम प्रस्तुत तथा छलफल गरियो।

उपस्थिति :

१. सभाध्यक्ष : गाउँपालिका अध्यक्ष श्री पासाङ नुर्पु शेर्पा
२. सभा सदस्य : गाउँपालिका उपाध्यक्ष श्री विछेन शेर्पा
३. सभा सदस्य : श्री साङबु लामा
४. सभा सदस्य : श्री कुमार श्रेष्ठ
५. सभा सदस्य : श्री निमा सोना शेर्पा
६. सभा सदस्यः श्री टासी शेर्पा
७. सभा सदस्यः श्री दावा त्याम्बा तामाङ
८. सभा सदस्य : श्री आङ छिरिङ शेर्पा
९. सभा सदस्य : श्री बच्चु धतानी
१०. सभा सदस्य : श्री जमुना थामी
११. सभा सदस्य : श्री पम्फा वि.क.
१२. सभा सदस्य : श्री रुपा रिमाल लाम्गाते
१३. सभा सदस्य : श्री निमि शेर्पा
१४. सभा सदस्य : श्री फुर्पा शेर्पा
१५. सभा सदस्य : श्री रुपेश बहादुर प्रधान
१६. सभा सदस्य : श्री विष्णु तामाङ
१७. सभा सदस्य : श्री सुनिता श्रेष्ठ
१८. सभा सदस्य : श्री कल्पी बि.क.
१९. सभा सदस्य : श्री चेङा शेर्पा
२०. सभा सदस्यः श्री मंगल जित थामी
२१. सभा सदस्य श्री मायाँ तामाङ
२२. सभा सदस्य : श्री काले शेर्पा
२३. सभा सदस्यः श्री सोना शेर्पा
२४. सभा सदस्य :श्री जमुना थामी
२५. सभा सदस्य : श्री फुलमाया कामी
२६. सभा सदस्य : श्री ल्हाछिरी शर्पा
२७. सभा सदस्य : श्री सुकु शर्पा
२८. सभा सदस्य : श्री फुलमती बि.क.
२९. सभा सदस्यः श्री ठिवाङ शर्पा
३०. सभा सदस्य सचिवः श्री दीपक दाहाल

CamScanner

| | | |
|---|---|---|
| ३१. | श्री विनेश कुमार श्रेष्ठ | शिक्षा अधिकृत (सातौं) |
| ३२. | श्री भुपेन्द्र लाल श्रेष्ठ | सि.अ.हे.व अधिकृत (छैटौं) |
| ३३. | डा. नविन कार्की | मेडिकल अधिकृत |
| ३४. | श्री गंगासागर पौड्याल | सुचना प्रविधि अधिकृत |
| ३५. | श्री राजाराम घोरासैनी | ईञ्जिनियर |
| ३६. | श्री उषा कार्की | कृषि स्नातक प्राविधिक |
| ३७. | श्री पेम्बा तामाङ | रोजगार संयोजक |
| ३८. | श्री पुण्य प्रसाद पराजुली | सब- इन्जिनियर |
| ३९. | श्री बादिल लामा | सब- इन्जिनियर |
| ४०. | श्री प्रशुराम जोशी | प्राविधिक सहायक (शिक्षा) |
| ४१. | श्री मंगेश कुँवर | कम्प्युटर अपरेटर |
| ४२. | श्री कृष्ण प्रसाद कँडेल | सहायक पाँचौ |
| ४३. | श्री संजिव खनाल | आन्तरिक लेखापरीक्षक |
| ४४. | श्री अनिशा अधिकारी | लेखापाल पाँचौ |
| ४५. | श्री टेक प्रसाद अधिकारी | वडा सचिव, १ र ५ नं वडा |
| ४६. | श्री राममान सिंह | २ नं वडा सचिव |
| ४७. | श्री नृप राज अवस्थी | ३ नं वडा सचिव |
| ४८. | श्री केशव खत्री | वडा सचिव, ४ नं वडा |
| ४९. | श्री पेसल रिजाल | प्राविधिक सहायक (कृषी) |
| ५०. | श्री रिन्जिन शेर्पा | एम.आई.एस अपरेटर |
| ५१. | श्री बुट्टी शेर्पा | रोजगार सहायक |
| ५२. | श्री सागर सापकोटा | प्राविधिक सहायक |
| ५३. | श्री सम्झना श्रेष्ठ | न्यायिक सहजकर्ता |
| ५४. | श्री नन्द राज रोकाया | खा.पा.स.टे |
| ५५. | श्री पुजा बजगाई | उद्यम विकास सहजकर्ता |
| ५६. | श्री सुरोज कुमार तामाङ | अमिन |
| ५७. | श्री रञ्जना थापा | अ.सब.ई |
| ५८. | श्री सुमन नेपाल | अ.सब.ई |
| ५९. | श्री रोहन खतिवडा | ना.प.से.प्रा चौथो |
| ६०. | श्री नवराज सिलवाल | अ.सब.ई |
| ६१. | श्री नगेन्द्र न्यौपाने | अ.सब.ई |
| ६२. | श्री विनिता विष्ट | अ.हे.व |
| ६३. | श्री सानुदेवी जिरेल | अ.न.मी |
| ६४. | श्री जित वहादुर तामाङ | गा.प्र.स.नि.नि |
| ६५. | श्री जेनिशा शेर्पा | फिल्ड सहायक |

| | | | |
|---|---|---|---|
| ६६. | श्री विकास हुमागाईं | गा.प्र.ज | |
| ६७. | श्री किसान सुनार | गा.प्र.ज | |
| ६८. | श्री बुद्धिमाया तामाङ | गा.प्र.ज | |
| ६९. | श्री विकल लामा | स्वकीय सचिव | |
| ७०. | श्री सृजना पौडेल | कार्यालय सहयोगी | सृजना |
| ७१. | श्री आइतमान थामी | कार्यालय सहयोगी | |
| ७२. | श्री सपना कार्की | कार्यालय सहयोगी | |
| ७३. | श्री उत्तर बहादुर घतानी | सहायक पाँचौ | |
| ७४. | श्री आशा राउत | सरसफाइकर्मी | ASHA |
| ७५. | श्री लाक्पा डुन्डुब शेर्पा | चौकीदार | लाक्पा |
| ७६. | श्री हितेश कुमार मण्डल | उ.हे.व. | |
| ७७. | श्री नवराज सारु | सवारी चालक | |
| ७८ | प्र.स.नि. धिरराज शाही | | |
| ७९ | प्र.ह. उत्तम खत्री | | |
| ८० | प्र.सं.ह. राकेश यादव | | |
| ८१ | प्र.ज. दिपक जि.सि | | |
| ८२ | -"- सुलभ जि.सि | | |
| ८३ | -"- मिलन खनाल | | |
| ८४ | -"- तिलक रिजाल | | |
| ८५ | -"- भुवनसिंह स्याङजाली | | |
| ८६ | प्र.स.नि. केशव प्रसाद घिमिरे | | |
| ८७ | प्र.ज. बजरङ्गी तेली | | |
| ८८ | गा.प्र.स.नि. जित बहादुर तामाङ | | |
| ८९ | गा.प्र.ज. विकास हुमागाईं | | विकास |
| ९० | गा.प्र.ज. किसान सुनार | | |
| ९१ | गा.प्र.ज. बुद्धिमाया तामाङ | | |

**प्रस्तावहरु**

१) संशोधित आर्थिक ऐन २०८१, संशोधित विनियोजन ऐन २०८१ स्वीकृत सम्बन्धमा।

२) आ.व २०८१/०८२ हाल सम्मको कार्यपालिका बैठकको निर्णयहरु अनुमोदन सम्बन्धमा।

३) आ.व २०८१/०८२ को पौष २० गते सम्म भएका आय तथा व्यय अनुमोदन सम्बन्धमा।

४) आ.व २०८१/०८२ हाल सम्मको स्थानीय विपद व्यवस्थापन समितिको बैठकको निर्णयहरु अनुमोदन सम्बन्धमा।

५) आ.व २०८१/०८२ हाल सम्मका विषयगत समितिको निर्णयहरु अनुमोदन सम्बन्धमा।

६) भैरवकुण्ड भिलेज चोकरमोकरको बोलपत्र आब्हानको निर्णय अनुमोदन सम्बन्धमा।

७) भोटेकोशी कबर्ड हलको बोलपत्र आब्हानको निर्णय अनुमोदन सम्बन्धमा।

**निर्णयहरु**

१) भोटेकोशी गाउँपालिकाको आ.व २०८१/०८२ को संशोधित आर्थिक ऐन २०८१, संशोधित विनियोजन ऐन २०८१ स्वीकृत गर्ने निर्णय गरियो।

२) भोटेकोशी गाउँपालिकाको आ.व २०८१/०८२ मा मिति २०८१ श्रावण देखि पौष २३ गते सम्म बसेको कार्यपालिका बैठकमा भएको बैठकका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

३) भोटेकोशी गाउँपालिकाको आ.व २०८१/०८२ को पौष २० गते सम्म भएका आय तथा व्यय अनुमोदन गर्ने निर्णय गरियो।

४) भोटेकोशी गाउँपालिकाको आ.व २०८१/०८२ मा मिति २०८१ श्रावण देखि पौष महिना सम्म बसेको स्थानीय विपद व्यवस्थापन समितिमा भएको बैठकका निर्णयहरुलाई अनुमोदन गर्ने निर्णय गरियो।

५) भोटेकोशी गाउँपालिकाको आ.व २०८१/०८२ मा मिति २०८१ श्रावण देखि पौष महिना सम्ममा भएको विषयगत समितिहरुको बैठकका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।

६) यस भोटेकोशी गाउँपालिको आ.व. ८१/०८२ मा बागमती प्रदेश सरकारको समपूरक अनुदान तथा पालिकको तर्फबाट **भैरवकुण्ड प्रवर्धन स्तर उन्नतीको** लागि रु दुई करोड बजेट विनियोजन भएकोमा उक्त योजनाको

भैरवकुण्ड भिलेज चोकरमोकरको निर्माण गर्न डि.पि.आर स्वीकृत गरी, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ बमोजिम तयार भएको खरिद गुरुयोजना समेत सोही नियमको उपनियम ३ बमोजिम स्वीकृत गरी आगामी आ.वमा अनिवार्य बजेट विनयोजन गर्ने गरी १८ महिना भित्र सम्पन्न गर्न हाललाई रु ८,०१,००,०००।००को लागतको बहुवर्षिय योजना स्वीकृत गरी बोलपत्र आब्हान गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

७) यस भोटेकोशी गाउँपालिको आ.व. ८१/०८२ मा बागमती प्रदेश सरकारको समपूरक अनुदानमा भोटेकोशी कबर्ड हलको लागि रु दुई करोड बजेट विनियोजन भएकोमा उक्त योजनाको डि.पि.आर स्वीकृत गरी, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ बमोजिम तयार भएको खरिद गुरुयोजना समेत सोही नियमको उपनियम ३ बमोजिम स्वीकृत गरी आगामी आ.वमा अनिवार्य बजेट विनियोजन गर्ने गरी १८ महिना भित्र सम्पन्न गर्न बहुवर्षिय योजना स्वीकृत गरी बोलपत्र आब्हान गर्ने निर्णय गरियो।

तपसिल

| आधारभुत लागत (मु.अ.कर बाहेक) रु. | भ्याट (१३%) | कन्टेन्जेन्सी | कुल जम्मा (मु.अ.कर समेत) रु. |
|---|---|---|---|
| ८,०८,८८,३००।७ | १,०५,१४,७९१ | २६,८९,७३७ | ९,४४,००,५६९।१६ |

# १५ औं गाउँसभाको बैठकमा २०८१ पौष २६ गते दिछेन शेर्पाज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०८१/०८२ को हिउँदे गाउँसभामा प्रस्तुत आर्थिक ऐन २०८१ र विनियोजन ऐन २०८१ मा भएको संशोधित वजेट वक्तव्य

**भोटेकोशी गाउँपालिका**

फुल्पिङकट्टी, सिन्धुपाल्चोक

**बागमती प्रदेश, नेपाल**

**१५ औं गाउँसभा**

मिति २०८१/०९/२६

CS CamScanner

सभाध्यक्ष महोदय,

गाउँपालिका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु, राजनीतिक दलका प्रतिनिधिज्यूहरु, कर्मचारी मित्रहरु ,प्र.अ. तथा शिक्षकहरु, पत्रकार मित्रहरु ,सुरक्षाकर्मी लगायतका उपस्थित सम्पूर्ण महानुभावहरु,

१. नेपालको संविधान २०७२ को धारा २३० बमोजिम भोटेकोशी गाउँपालिकाको गाउँसभाको उपाध्यक्षको हैसियतले यस सम्मानित सभामा आर्थिक वर्ष २०८१/८२ को संशोधित अनुमानित आय र व्ययको विवरण सहित वजेट कार्यक्रम १५ औं गाउँसभामा पेश गर्न पाउँदा गौरवको अनुभुति गरेको छु।

२. यस महत्वपूर्ण अवसरमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि पटक पटक भएको आन्दोलनहरुमा जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवङ्गत सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्न चाहन्छु ।मूलुकमा रहेको विभेद र वहिष्करणको अन्त्यका लागि त्याग र नेतृत्व गर्नुहुने आदरणीय अग्रज राजनीतिक नेतृत्वप्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु ।

३. नेपालको संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतान्त्रिक शासन व्यवस्थाको विधिद्वारा सुशासन, विकास र सम्वृद्धि हासिल गर्न उपलव्ध स्रोत र साधनलाई अधिकतम ढंगवाट परिचालन गरि भोटेकोशी गाउँपालिकाको नागरिकहरुको हित अभिवृद्धि गर्दै शिक्षा , स्वास्थ्य, रोजगारी, पूर्वाधार विकास तथा दैनिक प्रशासनिक कार्यमा चुस्तता एवम् आत्मनिर्भर पालिका निर्माणमा सघाउ पुग्ने गरि वजेट, नीति तथा कार्यक्रमहरु तर्जुमा गरी १४ औं गाउँसभामा प्रस्तुत गरिएको विदितै छ।

सभाध्यक्ष महोदय,

४. अव म चालु आर्थिक वर्ष २०८१/८२ को अर्धवार्षिक आर्थिक गतिविधि तथा वजेट कार्यान्वयनको समीक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु।

५. यस चालु आ.व. ०८१/८२ मा भौगोलिक विकटता, अत्याधिक वर्षा, जनशक्तिको अभावको विचमा मिति २०८१ साल असार ३१ र असोज ११-१२ गतेको भिषण वर्षाको कारण भोटेकोशी गाउँपालिकाको सडक पूर्वाधारमा ठुलो क्षती पुग्दा समयमै उपभोक्ता समिति गठनका साथै लागत अनुमान तयार गर्नमा भएको ढिलाइले समग्र

विकास निर्माण तथा आयोजनाले अपेक्षित गति लिन सकेन। तथापी पछिल्लो २ महिनामा उल्लेखनीय रुपमा विकास निर्माण आयोजनाले गति लिएको अवगत गराउन चाहन्छु।

६. मिति २०८१ साल पौष २० गते सम्म चालु खर्च तर्फ २९.९५ प्रतिशत र पुंजीगत तर्फ १२.४३ प्रतिशत खर्च भएको छ। कार्यालय सञ्चालन तथा प्रशासनिकमा ३३.५ प्रतिशत र आर्थिक विकासमा १.९४ प्रतिशत खर्च भएको विद्यमान स्थिति छ। उप क्षेत्रगत वजेटमा तर्फ शिक्षामा ३७.५ का साथै पर्यटन उर्जा र भाषा संस्कृति तर्फ हाल सम्म खर्च हुन सकेको छैन।

७. गत आ.व.मा १० वटा वहुवर्षिय आयोजना ठेक्का सम्झौता भएको मध्ये १ वटा सम्पन्न भएको छ। ३ वटा सम्पन्न हुने अन्तिम चरणमा र ५ वटा निर्माणाधिन अवस्थामा रहेको छ। पालिकास्तरीय तथा अन्य निकायवाट प्राप्त योजना अन्तर्गतको पूर्वाधार विकास तर्फ उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने १५६ योजना मध्ये हाल सम्म ७० वटा योजना सम्झौता भइ कार्यान्वयनमा गएको छ। त्यसमध्ये ४ वटा सम्पन्न भइसकेको अवस्था छ।

८. चालु आ.ब.मा ७ वटा ठूला तथा वहुवर्षिय आयोजनाहरु मध्ये ६ वटा योजनाको वोलपत्र आव्हान भइ सकेको छ भने १ वटाको वोलपत्रको प्रक्रियामा रहेको छ। २ वटा योजना सम्झौता भइ कार्य प्रारम्भ भएको छ। गत आ.व.मा शुरु भएको गौरवको तातोपानी धारा निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। गाउँपालिकाको आफ्नै लगानीमा दशकिलो बोक्चेन बेलिब्रिज सम्पन्न भएको छ। अरनिको राजमार्गवाट वडा सम्म पक्की वाटो निर्माण गर्ने योजना अनुसार निरन्तर काम भइरहेको

९. भोटेकोशी गाउँपालिकाको चालु आर्थिक वर्ष ०८१/०८२ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्न चालु तर्फ २९ करोड २० लाख १५ हजार ८ सय ५१ रुपैया, पूँजीगत तर्फ रु ४५ करोड ३८ लाख ७१ हजार रुपैया गरि जम्मा रु ७४ करोड ५८ लाख ८६ हजार ८ सय ५१ रुपैया रकम विनियोजन भएकोमा वजेटको आकारमा कुनै संशोधन गरेको छैन। तर कार्यान्वयन हुन नसकेका वजेटहरु संशोधन गर्नु आवश्यक भएको हुँदा अनुसूची- २ वमोजिम संशोधन गरेको छु।

१०. चालु आर्थिक वर्षका लागि खर्च व्यहोर्ने स्रोतहरुमा संघीय सरकार वित्तिय समानिकरण अनुदानबाट रु. १० करोड ७० लाख अनुमान गरेकोमा ५ करोड ३०

लाख प्राप्त भएको छ र राजस्व बाडँफाडबाट रु. ८ करोड ७९ लाख १ रुपैयाँ प्राप्त हुने अनुमान गरेकोमा हाल सम्म ५ करोड १५ लाख ४७ हजार प्राप्त भएको छ। त्यस्तै बागमती प्रदेश सरकार वित्तिय समानिकरण अनुदानबाट रु.१ करोड ५ लाख ५५ हजार अनुमान गरेकोमा ५२ लाख ७७ हजार प्राप्त भएको छ। राजस्व बाडँफाड (सवारी साधन कर) बाट रु. २ करोड ९७ लाख ७६ हजार ८ सय पचास अनुमान गरेकोमा ९९ लाख ३० हजार प्राप्त भएको छ। त्यसैगरी, भोटेकोशी गाउँपालिकाको आन्तरिक श्रोत तर्फ राजश्व आम्दानी बैंक मौज्जात र बहुवर्षिय आयोजना अल्यावाट जम्मा रु. १५ करोड २१ लाख २२ हजार अनुमान गरिएकोमा ७ करोड २२ लाख ३२ हजार प्राप्त भएको छ। आ.व. ०८१/८२ को विद्युत रोयल्टिवाट १२ करोड ६८ लाख ६१ हजार प्राप्त हुने अनुमान गरेकोमा हाल सम्म कुनै रकम प्राप्त भएको छैन।

११. शसर्त अनुदान वाहेकको संघीय समानिकरण, संघीय राजश्व वाँडफाँड, प्रदेश राजश्व वाँडफाँड र आन्तरीक राजश्व अनुमान अनुसार प्राप्त गर्न कठिन देखिन्छ। जसको कारण केही योजना तथा कार्यक्रमको भुक्तानीमा समस्या पर्न सक्ने सम्भावना रहेको छ।

**सभाध्यक्ष महोदय,**

१२. गाउँपालिका र यस अन्तर्गतका कार्यालयवाट प्रदान हुने सेवा प्रवाहलाई छिटो छरितो चुस्तदूरुस्त गर्न डिजिटल नागरीक वडा पत्रको व्यवस्था, प्राविधिक जनशक्तिको पदपूर्तिका साथै शान्ति सुरक्षालाई सुदृढ गर्न गाउँप्रहरीको व्यवस्था मिलाएको छ। जनस्वास्थ्य सेवालाई प्रभावकारी वनाउन तथा व्यवस्थित गर्न अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्तिको व्यवस्थापन गरी नागरीकको गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्ने प्रयत्न गरिएको छ। शिक्षा तर्फ विद्यालयमा शिक्षक रिक्त हुनासाथ विज्ञापन गरि पदूर्ति हुने व्यवस्था मिलाइएको छ। शैक्षिक सत्र २०८१ को SEE परीक्षामा प्रारम्भिक नतिजा २८.४८ प्रतिशत उत्तीर्ण भएता पनि ग्रेडवृद्धि परीक्षामा नतिजामा वृहत सुधार गर्दै कुल ९१.२५ प्रतिशत विद्यार्थी उत्तीर्ण भइ शैक्षिक उपलव्धिमा सुधारको आशा जगाएको छ। आ.व २०८०/०८१ मा महालेखा नियन्त्रक कार्यालयबाट असुल उपर गर्न औल्याएको बेरुजु रु ३१ लाख ६ हजार ७ सय ४० रुपैया मध्ये रु २९ लाख २८ हजार ७ सय ४० रुपैया असुल उपर भएको र अन्तिम प्रतिवेदन आइनसकेको समेत सभामा जानकारी गराउन चाहान्छु ।

१३. समग्र कृषिक्षेत्रको उत्पादकत्व वृद्धि गर्न माटो परीक्षणका लागि नमूना संकलन गर्नुका साथै उत्कृष्ट कृषक सम्मान कार्यक्रम मार्फत प्रोत्साहन गर्ने कार्यक्रमलाई अगाडी

NIM

बढाइएको छ भने पशु तथा चौरी संरक्षण कार्यक्रमलाई पनि निरन्तर कार्यान्वयनको प्रक्रियामा लगेको छु। सामाजिक सूरक्षा प्रदान गर्नु राज्यको दायित्व हो भन्ने कुरालाई आत्मासाथ गर्दै अपाङ्गता परिचयपत्र वितरण कार्यक्रम र जेष्ठ नागरिक सम्मान कार्यक्रमलाई यस चालु आवमा पनि संचालन गरेको कुरा यस सम्मानित सभामा स्मरण गर्न चाहन्छु ।

**सभाध्यक्ष महोदय,**

१४. आर्थिक ऐन, २०८१ का केही संशोधन हरु आवश्यक देखिएको हुँदा संसोधन गरी अनुसूची -१ मा प्रस्तुत गरेको छु।

१५. विनियोजन ऐन, २०८१ मा केहि सामान्य संशोधनहरु गरेको छु। जसअन्तर्गत २ वटा मुख्य योजना भैरवकुण्ड भिलेज निर्माण तर्फ ८ करोड १ लाख र चाकु मर्मिङ सडक स्तरोन्ती तर्फ २ करोड ९४ लाख संशोधित वजेट विनियोजन गरेको छु। संशोधित वजेटको विस्तृत विवरण अनुसूची- २ मा प्रस्तुत गरेको छु।

**सभाध्यक्ष महोदय,**

१६. अन्त्यमा यस गाउँपालिकाको १५ औ गाउँसभाको संशोधित वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुऱ्याउनुहुने गाउँपालिका अध्यक्षज्यू लगायत जनप्रतिनिधिज्युहरु, भोटेकोशी कार्यपालिकाका प्रमुख प्रशासकीय अधिकृतज्यूका साथै सम्पुर्ण कर्मचारीज्यूहरु तथा यो कार्यक्रम तयार गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सघाउ पुऱ्याउनुहुने सम्पूर्ण आदरणीय महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

धन्यवाद ।।

<u>प्रस्तुत कर्ता</u>

दिछेन शेर्पा

उपाध्यक्ष

# अनुसूची – १

## भोटेकोशी गाउँपालिकाको आर्थिक ऐन २०८१ को अनुसूची संशोधन २०८१

क) भोटेकोशी गाउँपालिका भित्र आ.व. २०८१/०८२ सम्म घर नक्सा पास बिना निर्माण गरिएको घरहरुको नक्सापास तथा अभिलेखीकरण गर्न नक्सापास शुल्कको ५० प्रतिशत छुट दिने ।

ख) "घ" बर्गको निर्माण व्यवसायी व्यवसाय दर्ता नविकरण शुल्क पूँजीको आधारमा लिने ।